नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
मोरङ्ग

फोन नं. ०२१५०३०४०
वेबसाइटः piumorang.pmamp.gov.np
इमेलः pmamp.piu.morang@gmail.com

पत्र संख्या- २०७८/७९

## न्यूनतम समर्थन मूल्यमा धान खरिद तथा व्यवस्थापन कार्यक्रममा सहभागिताको लागि प्रस्ताव आह्वान सम्बन्धि सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०७८/०६/२४

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७८/०५/२९ गतेको निर्णयानुसार आ.व. २०७८/७९ का लागि निर्धारण गरेको "धानको न्यूनतम समर्थन मूल्य (मोटा धान रु.२७५२ र मध्यम धान रु.२९०२ प्रति क्वीन्टल) मा खरिद तथा व्यवस्थापन गर्ने सम्बन्धि निर्देशिका-२०७७" बमोजिम न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्न ईच्छुक सहकारी संस्थाले दफा ४ मा उल्लेख भए अनुसारको विवरण खुलाई दफा १२ मा उल्लेख भएको शर्तहरु र दफा ९ को उपदाफा ३ संग सम्बन्धित अनुसूचीमा उल्लेख भएको खरिद गरिने धानको गुणस्तर मापदण्ड पालना गर्ने शर्तमा तपशिलमा उल्लेखित कागजात सहित प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन एकाइ मोरङ्गमा दफा ३ को उपदफा २ बमोजिम आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः

१. निवेदनमा रु. १० को टिकट गर्नुपर्नेछ।
२. सहकारी संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा नविकरणको प्रतिलिपि ।
३. लेखा परिक्षण प्रतिवेदन।
४. प्रस्तावना समबन्धि कार्य गर्नका लागि अधिकारिक व्यक्ति तोकेको निर्णय पेश गर्नुपर्ने छ।
५. सम्बन्धित स्थानीय तहको सिफारिश पत्र पेश गर्नुपर्ने छ।

दफा ४

- सहकारी संस्थाको नाम ठेगाना
- सहकारी संस्थाको शेयर पुंजी
- सहकारी संस्थाको कारोवार रकम
- सहकारी संस्थाको कार्यक्षेत्र
- खरिद गर्न चाहेको धानको परिमाण र किसिम
- धान खरिद गर्न चाहेको स्थानीय तह तथा वडा समेत खुल्ने गरी इच्छुक क्षेत्र
- धान खरिदको लागि आवश्यक रकमको व्यवस्था र त्यसको स्रोत
- खरिद गरेको धान भण्डारण तथा व्यवस्थापन सम्बन्धि विवरण
- धान खरिद, ढुवानी, भण्डारण, प्रशोधन एवं बजार व्यवस्थापन सम्बन्धि विवरण तथा त्यसको लागि आवश्यक साधन, उपकरण तथा जनशक्तिको व्यवस्थापन समबन्धि विवरण

दफा १२

- निर्देशिकाको पालना गर्ने
- धानको खरिद, भण्डारण तथा बिक्री सम्बन्धि न्यूनतम मापदण्डको पालना गर्ने
- कृषकलाई उपजहरुको भुक्तानी तोकिएकै समयमा उपलब्ध गराउने

दफा ९ को उपदफा ३ संग सम्बन्धित अनुसूची

खरिद गर्ने धानको गुणस्तर

| धानको किसिम | चिस्यान प्रतिशत | बाह्य पदार्थको अधिकतम प्रतिशत | बिग्रेको दाना अधिकतम प्रतिशत | मिश्रण कमसल जातको अधिकतम प्रतिशत |
|---|---|---|---|---|
| मोटा | १८ | २ | ५ | १० |
| मध्यम | १८ | २ | ५ | - |

थप जानकारीको लागिः- परियोजना कार्यन्वयन एकाइ, बिराटनगर मोरंग वा रतुवामाई(कादुपादा) सम्पर्क कार्यालय सम्पर्क नं ०२१५०३०४०, ०२१४१२२३०, ९८६२१६०६२१, ९८११००९२३० मा सम्पर्क राख्न सक्नुहुनेछ।

वि. वरिष्ठ कृषि अधिकृत